# स्थानिय तहको विनियोजन ऐन

चुरे गाउँपालिकाको आर्थिक बर्ष २०७५।२०७६ को सेवा र कार्यहरुको लागी स्थानीय सञ्चितकोषवाट कही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा ब्यवस्था गर्ने बनेको ऐन ।

सभाबाट स्वीकृत मिति :2075-3-10

प्रस्तावना : चुरे गाउँपालिकाको आर्थिक बर्ष २०७५।२०७६ को सेवा र कार्यहरुको लागी सञ्चित कोषवाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम चुरे गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "चुरे गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ। (२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक बर्ष २०७५।२०७६ को निमित्त सञ्चितकोषवाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक बर्ष २०७५।७६ को निमित्त गाउँकार्यपालिका,वडा समिति,विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची १ मा उल्लिखित चालु खर्च, पूँजिगत खर्च र बितिय ब्यवस्थापनको रकम समेत गरी जम्मा रकम रु३३५७९१८१२१.३३ (अक्षरुपी तेतिस करोड संतापन्न लाख एकानब्बे हजार आठ सय एक्काइस रुपैया तेतिस पैसा मात्र) मा नवढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन :** (१) यस ऐनद्वारा सञ्चितकोषवाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक बर्ष २०७५।२०७६ को निमित्त चुरे गाउँपालिकाको गाउँकार्यपालिका,वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका,वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरक मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ । गाउँकार्यपालिकाले बचत हुने शिर्षक वाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकवाट सो शिर्षकको जम्मा रकमको २० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुवाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय ब्यवस्थापन तर्फ बिनियोजित रकम साँवा भुक्तानि खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानि खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पुजिगत खर्च र वित्तीय ब्यवस्थापनकाव खर्च ब्यहोर्ने एक स्रोत वाट अर्के स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनी एक शिर्षकवाट सो शिर्षकाको जम्मा स्वीकृत रकमको २० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ।नगर सभाको स्वीकृत लिनु पर्नेछ ।

# अनुसूचि-१

## (दफा २ संग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) वमोजिम

## संञ्चितकोषबाट विनियोजन हुने रकम

| क्र. सं. | अनुदान संख्या | शीर्षको नाम | चालुखर्च | पूँजिगतखर्च | पूँजिगतखर्च बितय समानिकरण प्रदेश | पूँजिगत खर्च राजस्व वांड फांड प्रदेश | शसर्त अनुदान | गा.पा.को आन्तरिक आय | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| १ | | गाउँ/गाउँकार्यपालिका | ५७३३३००० | १२०३५८८२१.३३ | | | | | १७७६९१८२१.३३ |
| २ | | वडा समिति | | | | | | | |
| ३ | | बिषयगतशाखा | | | | | १५८१००००० | | १५८१००००० |
| ४ | | ऋणको सावाब्याज भुक्तानी | | | | | | | |
| ५ | | लगानी (शेयर /ऋण) | ५७३३३००० | १२०३५८८२१.३३ | | | | | ३३५७९१८२१.३३ |